# पूर्व बजेट छलफल कार्यक्रममा बरिष्ठ उपाध्यक्षज्यूको धन्यवाद मन्तव्य

बजेट निर्माणको यस्तो व्यस्त समयमा पनि हामी कहा आएर समय दिनुभएकोमा म माननीय अर्थमन्त्रीज्यू, सचिवज्यूहरु, राजश्व परामर्श समितिका अध्यक्ष एवं सदस्यज्यूहरु, उच्च पदस्थ सरकारी अधिकारीज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

हामी निक्कै कठीन र संवेदनशील अवस्थामा छौं । कोरोनाको दोस्रो लहर देखिइ नै सकेको छ । यस्तो बेलामा रोगबाट बच्दै व्यवसाय चलाउने चुनौति हामी माझ छ ।

निजी क्षेत्रले काम गर्न सकेन भने सरकारको स्रोत पनि घटदै जान्छ । स्रोत घटदै गएपछि राहत र अनुदान दिन पनि रकम अभाव हुंदै जानेछ । पूरा विश्व नै समस्यामा रहेका बेला अन्तराष्ट्रिय स्रोत परिचालन पनि चुनौतिपूर्ण नै रहनेछ ।

त्यसैले यस्तो बेलामा अघि अध्यक्षज्यू र राजश्व समितिका सभापतिज्यूले प्रस्तुत गरे अनुरुपकै केहि सिमित तर महामारी नियन्त्रण, कृषिको सुधार र रोजगारी सिर्जना हुन सक्ने पूर्वाधारमा बढि केन्द्रित हुनु नै उपयुक्त हुन्छ ।

जस्तो कि पर्यटन पूर्वाधारमा पनि जलविद्युत र सिमेन्टलाई दिइएको सुविधा दिन सकियो भने काम रोकिदैन । यसले तत्कालका लागि अल्पकालीन रोजगारी र महामारी अन्त्य भएपछि राम्रा पर्यटकीय गन्तव्यहरु वन्ने छन् ।

स्वदेशमा पूँजी अभाव भइरहेको अवस्थामा गैर आवासिय नेपालीहरु जसले कार्ड त्यागि सकेका छन् उनीहरुको पनि यदि रकम बाहिर छ भने नेपाल ल्याउँदा कर नलाग्ने व्यवस्था हुन सके रकम भित्रिने छ ।

बजारमा पूजी प्रवाह बढाउन र सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ को प्रभावकारी कायान्वयनका लागि सम्पत्ति अभिलेखीकरणको अवसर एक पटक प्रदान गर्नुपर्छ ।

अहिलेको बेलामा बजारमा माग पनि बढाउनुपर्छ। करका दरहरु कम गर्दा माग बढने हामीले देखेका छौं । जस्तो कि भ्याटको दर १३ बाट १० प्रतिशतमा ल्याउदा बजारमा माग बढने छ। यसले राजश्वमा खासै ठूलो असर पार्ने छैन ।

यसै गरि संस्थागत आयकरको दरमा पनि छिमेकी मुलुकहरुले धेरै नै कटौति गरिसकेका छन्। प्रतिष्पर्धी बन्नका लागि हामी कहाँ पनि संस्थागत आयकरको दरमा कटौति गर्नु आवश्यक छ।

स्वदेशी उत्पादनको प्रवर्द्धनका लागि तयारी वस्तु र कच्चा पदार्थ बीचको भन्सार महसुल दर दुई तह कम गर्नुपर्ने छ।

अघिल्लो बर्ष कोभिडको प्रभाव भर्खरै देखिएका बेला राहतका कार्यक्रम आएका थिए। जुन त्यतिबेलाको समयमा सान्दर्भिक थिए र अर्थतन्त्रको पुर्नरोत्थानका लागि सहयोग पनि गऱ्यो। अब नयाँ परिस्थितिमा तिनको पुनरावलोकन आवश्यक छ भनेर हेरेर काम गर्नुपर्छ।